नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरवार, काठमाण्डौ
फोन: ०१-४२००३०९
०१-४२००२८१
सामाजिक परिचालन तथा गैसस समन्वय शाखा

पत्र संख्याः- २०७४।०७५

मिति : २०७४।०७।२६
मितिः-

चलानी नं.:- ९५
श्री जिल्ला समन्वय समिति, सबै ।
श्री नगरपालिकाको कार्यालय, सबै ।
श्री गाउँपालिकाको कार्यालय, सबै ।

विषय : सामाजिक परिचालन कार्यक्रम सम्वन्धमा ।

नेपाल सरकारले विकास साझेदारहरुको सहयोगमा विगत ८ वर्षदेखि सञ्चालन गर्दै आएको स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) को दोश्रो चरण २०७४ असार मसान्तमा सकिएको विदितैछ । नेपाल सरकार र विकास साझेदारहरु बीच सामाजिक परिचालन कार्यक्रमलाई २०७४ कार्तिक मसान्तसम्मका लागि मात्र निरन्तरता दिने गरी भएको सहमति अनुसार चालु आ.व. को प्रथम चौमासिक श्रावण देखि कार्तिक मसान्त सम्मका लागि स्थानीय सेवाप्रदायक संस्थाहरु मार्फत स्थानीय तहहरुमा सञ्चालित यस कार्यक्रमका लागि आवश्यक बजेट स्थानीय तहमा उपलब्ध गराइ सकिएको व्यहोरा समेत अनुरोध छ ।
यस कार्यक्रमलाई निरन्तरता दिन स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको संक्रमणकालिन व्यवस्थापन अन्तरगत स्रोतको व्यवस्था नभएको, विकास साझेदारहरुवाट सामाजिक परिचालनका लागि स्रोत सुनिश्चितता नभएको, मन्त्रालयको मिति २०७४।७।१३ को निर्णयानुसार २०७४ पौष १६ (तदनुरुप ३१ डिसेम्वर २०१७) सम्म कार्यक्रमको अवधि थप गर्नेगरी अर्थ मन्त्रालयमा थप बजेट निकाशाका लागि अनुरोध गरिएकोमा म्याद थप तथा वजेट उपलब्धताका लागि सहमति प्राप्त भई नसकेको अवस्था छ । सामाजिक परिचालन आफैमा पनि स्वस्फूत रुपमा सञ्चालन हुने प्रकृया भएकाले यस कार्यक्रम सम्वन्धमा नेपाल सरकार (मा.राज्यमन्त्रिस्तर) बाट मिति २०७४/०७/२२ मा निम्नानुसारको निर्णयभएको व्यहोरा अनुरोध छ ।

१. सामाजिक परिचालन कार्यक्रम ( सामाजिक परिचालक, स्थानीय सेवा प्रदायक संस्था तथा सामाजिक परिचालन कार्यक्रम अन्तर्गत ) को मिति २०७४ पौष १६ सम्म म्याद थप गरी आवश्यक नपुग रकम अर्थ मन्त्रालयमा माग गरी पठाउन निर्णय भए अनुसार नपुग रकम थप विनियोजन हुन च.नं.१५१ मिति २०७४/७/१३ को पत्रबाट अर्थ मन्त्रालयमा अनुरोध भै गएको हुँदा २०७४ पौष १६ (तदनुरुप ३१ डिसेम्वर २०१७) सम्म सेवालाई निरन्तरता दिने ।

२. स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिहरु वहाल भइसकेको वर्तमान अवस्थामा आवश्यकता, औचित्यता र प्राथमिकता हेरी स्थानीय परिवेश अनुसार सम्वन्धित स्थानीय तहले नै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिधिभित्र रही उपयुक्त स्रोत व्यवस्थापन गरी सेवालाई निरन्तरता दिन सकिने ।

३.बुँदा नं २ वमोजिम कार्यक्रमलाई निरन्तरता दिएको खण्डमा स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमवाट ( LGCDP-TSNGP) कुनैपनि वित्तीय सहयोग उपलब्ध गराउन नसकिएता। पनि प्रादेशिक सहयोग इकाईहरुवाट प्राविधिक सहयोग (तालिम, अनुशिक्षण तथा सहजिकरण) उपलब्ध गराउन सकिने ।

७।२६
विश्वराज पोखरासिनी
२०७४ उपसचिव

**वोधार्थ**
श्री स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP-TSNGP)
कार्यक्रम समन्वय इकाई ववरमहल
श्री स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP-TSNGP)
प्रादेशिक सहयोग इकाई सवै ।
श्री सूचना तथा विद्युतिय सुशासन शाखा : पत्र मन्त्रालयको Website मा Upload गरी दिनुहुन ।